**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ७ (गोदावरी) संख्या : १०३ मिति : २०८१/०३/२४

**भाग-१**

**गोदावरी नगरपालिका**


**नगर सभाबाट पारित मितिः २०८१/०३/२१**

**प्रमाणिकरण मितिः २०८१/०३/२३**

## गोदावरी नगरपालिकाको

## तीनपाङ्ग्रे सवारी साधन ऐन २०७९ (पहिलो संशोधन २०८१)

<u>१०(क)सवारी संचालन तथा व्यवस्थापन समितिः</u>

१०(क) सवारी संचालन तथा व्यवस्थापन समिति:(१)सवारी संचालन तथा व्यवस्थापन समितिले नगरपालिका क्षेत्रभित्र संचालन हुने तीन पाङग्रे सवारी साधन व्यवस्थापन भाडा निर्धारण नियमन सम्बन्धी कार्य गर्न देहायको व्यवस्थापन समिति रहने छ ।

| | | |
|---|---|---|
| क. उप-प्रमुख | - | संयोजक |
| ख. जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि एक जना | - | सदस्य |
| ग. ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि एक जना | - | सदस्य |
| घ. मेकानिकल सव इन्जिनियर | - | सदस्य |
| ङ. सम्बन्धित यातायात समितिको एक जना प्रतिनिधी | - | सदस्य |
| च. आर्थिक विकास शाखा प्रमुख | - | सदस्य सचिव |

**१०(ख) समितिको काम, कार्तव्य र अधिकार :**

१०(ख) समितिको काम, कार्तव्य र अधिकार : (१)समितिको काम कर्तव्य रअधिकार देहाय बमोजिम हुनेछ ।

क. सवारी साधनको मार्ग निर्धारण मार्ग अनुमति तथा मार्ग इजाजत खारेज गर्ने

ख. भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने

ग. आवश्यकता अनुसार भाडा दरमा पुनरावलोकन गर्ने

घ. सवारी साधनको संख्या र ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी सवारी साधनको संख्या थपघट गर्न कार्यपालिकालाई सिफारिस गर्ने

**१०(ग) जरिवाना :**

१०(ग)जरिवाना : (१) सवारी चालकले देहायको ऐन विपरित कार्य गरेमा नगरपालिकाले पहिलो पटक गर्नेलाई पाँच सय दोस्रो पटकगर्नेलाई एक हजार र तेस्रो पटक वा सो भन्दा बढी गर्नेलाई एक हजार पाँच सय जरिवाना गर्न सक्नेछ ।

(क). ट्राफिक नियमको उल्लग्ङन गरी सवारी चलाएमा

(ख). निषेधित स्थानमा सवारी रोकेमा

(ग). राति बत्ती नबाली सवारी चलाएमा

(घ). मादक पदार्थ सेवनगरी सवारी चलाएमा

(ङ). अरुलाई बाधा पुग्ने गरी सवारी सार्वजिनक स्थानमा सवारी रोकेमा

(च). नम्बर पिलेट नराखी सवारी चलाएमा

(छ). सवारीको सिट संख्या वा मालसामानको बजनको हद भन्दा बढी राखी सवारी चलाएकमा

(ज). निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा

(झ). सवारी चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा

(ञ). बिमा नगाराई सवारी चलाएमा

(ट). सवारी साधन नविकरण नगराई चलाएमा

**१० (घ) स्विकृति नलिई हेरफेर गर्न नहुनेः** (१) तीन पाङ्ग्रे सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्विकृति नलिई सवारीको रङ्ग, सिट संख्या, स्वरुप ढाला जडान, ईन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्नुहुदैन ।

(२) उपदफा (१) बमोजिम स्विकृति दिदा सवारी दर्ता लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ ।

**१० (ङ) वार्षिक सवारी करः** (१) सवारीधनीले सवारी दर्ता, नविकरण दर्ता वार्षिक सवारी कर तोकिए बमोजिम बुझाउनुपर्नेछ । उक्त समयमा नबुझाएमा ३५ देखि ५० प्रतिशत सम्म जरिवाना असुल उपर गरि लिनुपर्नेछ ।

**आज्ञाले,**

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/०३/२४